खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

फोन ०५६- ५८२८८५, ०५६- ५८२००६

प.सं. : २०७७/०७८ कृषि शाखा
च.नं. : ३८९४

मिति : २०७७/१०/८

खैरहनी नगरपालिका नगर कार्यपालिकाको खैरहनी, चितवन बागमती प्रदेश, नेपाल २०७३

विषय : सूचना टाँस गरिदिने सम्वन्धमा।

श्री वडा कार्यालयहरु १-१३,
खैरहनी नगरपालिका, चितवन ।

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कृषि कार्यक्रम अन्तर्गतको **उन्नत धान बीउमा कृषकलाई अनुदान कार्यक्रम (५०% अनुदान) र मकै उत्पादन प्रवर्द्धन कार्यक्रम** संचालनका लागि आवेदन माग सम्बन्धि सूचना तथा निवेदनको ढाँचा तहाँ कार्यालयको सूचना पाटिमा टाँस गरिदिनु हुन अनुरोध छ ।

..............................
(चन्द्रकान्त न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)

चन्द्रकान्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

फोन ०५६- ५८२८८५
०५६- ५८२००६


प.सं. : २०७७/०७८ कृषि शाखा
च.नं. : ३८१५

## मकै उत्पादन प्रवर्द्धन कार्यक्रममा सहभागिताको लागि सुचिकृत हुने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०७७/१०/०८

खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखाको चालु आ.ब. २०७७/०७८ को संघिय सरकारबाट हस्तान्तरीत **मकै उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम)** अर्न्तगत बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम संचालन प्रक्रिया, २०७७ अनुसार आर्थिक विकास समितिको मिति २०७७/१०/०५ गते बसेको बैठकको निर्णयानुसार निर्धारण गरिएको क्लष्टर (खैरहनी नगरपालिका अर्न्तगतका सबै वडाहरु) मा रहेका मकै उत्पादक कृषक/कृषि फर्म/कृषि समुह/सहकारी/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/उपभोक्ता समिति/निजी उद्यमी/कम्पनीहरुले यस कार्यक्रम अर्न्तगत संचालन हुने क्रियाकलापहरुमा सहभागिताको लागि यो सुचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७७/१०/२२ गते) भित्र तपशिल बमोजिमका कागजातहरु संलग्न राखि सुचिकृत हुनका लागि रितपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. निवेदन (खेती गरिने क्षेत्रफल खुलेको हुनुपर्ने),
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी,
३. करचुक्ता प्रमाण पत्रको प्रतिलिपी,
४. नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी,
५. संस्थागत निर्णयको प्रतिलिपी,
६. कार्यक्रममा समाबेश हुने प्रत्येक कृषक सदस्यहरुको खेती गरिने जग्गाको चालु आ.व.को एकिकृत सम्पती कर (मालपोत) तिरेको रसिदको प्रतिलिपी,

पुनश्च : थप जानकारीको लागि खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि शाखा (९८४५८६५२२२, ९८४१८१४४२१) मा सम्पर्क राख्न सकिने छ ।

चन्द्रकान्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
(उपसचिव)